## कोषको नाममा धितो पारित हुने सम्पत्तिको मूल्याङ्कन गर्न मूल्याङ्कनकर्ताको रूपमा सूचीकृत हुनको लागि आवेदन दिने बारेको सूचना

मिति २०८३/०१/२१

कोषले सञ्चयकतालाई प्रदान गर्दै आईरहेको धितोमा आधारित सञ्चयकर्ता सापटी जग्गा खरिद सापटी, घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी, सरल सापटीको धितो सुरक्षण वापत पारित गराई लिनुपर्ने अचल सम्पत्तिको कोषले तोकेको मापदण्डको अधिनमा रही मूल्याङ्कन गर्ने प्रयोजनको लागि योग्य धितो मूल्याङ्कनकर्ता कम्पनीबाट धितो मूल्याङ्कन सम्बन्धी सेवा लिनको लागि कोषले सूची दर्ता गराउनु पर्ने भएको हुँदा इच्छुक ईजाजत प्राप्त रजिष्टर्ड ईन्जिनियरिङ कन्सल्टेन्सी कम्पनीले देहायको शर्त तथा अवस्था अनुरुप हुने गरी धितो मुल्याङ्कन सम्वन्धी कार्यमा कोपको मूल्याङ्कनकर्ताको रुपमा सूचिकृत हुनको लागि शाखा कार्यालय विराटनगर, कार्यालयमा यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र सूची दर्ताका लागि सिलबन्दी निवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजात, शर्त तथा अवस्थाहरुः**

**(क) निवेदन साथ पेश गर्नुपर्ने कागजात**

१. कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको स्याथी लेखा नम्बर (VAT/PAN) को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

३. कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाणको प्रमाणित प्रतिलिपि ।

४. धितो मूल्याङ्कन कार्यमा संलग्न हुने इन्जिनियर, साइट सुपरभाइजर र अन्य कर्मचारीको दस्तखत सहितको वैयक्तिक विवरण, शैक्षिक योग्यता र अनुभवको प्रमाणित कागजात ।

५. कम्पनीको आवश्यक कागजातहरु (Profile) तथा अफिस संरचना ।

६. सूचीकृत हुने सम्बन्धी आवेदन दस्तुर वापतको रकम रु. २०००।- दाखिला गरेको बैंक भौचर । तर सम्पत्ति व्यवस्थापन विभागको मिति २०८१/१०/२९ को सूचना बमोजिम आवेदन दिएका हकमा २०००।- बैंक दाखिला गरेको प्रमाण ।

७. कालो सूचीमा नपरेको र पेशागत कसुर नगरेको स्वःघोषणा ।

८. आवेदन पेश गर्नको लागि आधिकार प्रत्यायोजन गरिएको भए सो सम्बन्धमा कम्पनीबाट भएको निर्णयको प्रतिलिपि ।

९. आवेदन पेश गर्न एवं संझौता गर्नको लागि प्रदान गरेको अख्तियारनामा ।

१०. सञ्चयकर्ता सापटीको धितो मूल्याङ्कनकर्ता कम्पनीको रुपमा सूचीकृत हनको लागि आवेदन दिने कम्पनीको अधिकृत पूँजी रु. २ लाख प्रमाणित प्रतिलिपि ।

११. धितो मुल्याङ्कनकर्ताको सूचीमा सूचीकृत हुनको लागि निवेदन दिने कम्पनीलको विगत २ वर्षको अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

१२. धितो मूल्याङ्कनकर्ता कम्पनीमा कार्यरत इन्जिनियर नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

**(ख) शर्त तथा अवस्थाहरु**

१. मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत हुनको लागि दर्ता भएका निवेदनहरु मध्येबाट कोषले छनोट गरी मूल्याङ्कनकर्ताको रुपमा स्वीकृत सूची प्रकाशित गरे पश्चात त्यस्तो सूचीमा पर्नेको लागि रु १ लाख कार्य सम्पादन जमानत बापतको रकम जम्मा गरी कोषसँग कबुलियत गर्नुपर्नेछ । कार्य सम्पादन जमानत बापतको

रकम नगद जम्मा गर्नेको हकमा कोषले तोकेको बैंकमा रहेको कोषको खातामा नगद जम्मा गरेको सक्कलै भौचर र बैंक जमानत पेश गर्नेको हकमा कुनै वाणिज्य बैंकबाट कोषको नाममा जारी भएको र कबुलियत गर्ने अन्तिम मितिबाट सम्झौता अवधि भन्दा छ महिना बढी म्याद कायम रहेको शर्त रहित बैंक ग्यारेण्टीको सक्कलै प्रति बुझाउनु पर्नेछ ।

२. रीत नपुगेको, माग बमोजिमको कागजात पेश नगरेको र कोषवाट स्वीकृत TOR अनुरुप नभएका आवेदन स्वतः रद्द हुनेछ ।

३. कोषमा प्राप्त निवेदनको मूल्याङ्कन कोषले तोके बमोजिमको Evaluation Criteria बमोजिम हुनेछ र कोषले तोकेको न्यूनतम अंक प्राप्त गर्ने निवेदन सूचीकरणको लागि योग्य हुनेछ। न्यूनतम अंक प्राप्त गर्ने सबै आवेदकलाई सूचीकृत गर्न कोष बाध्य हुने छैन ।

४. कोषमा हाल सूचीकृत रहेको कम्पनीले समेत कोषले तोके बमोजिमका कागजपत्रहरु पेश गरी धितो मूल्याङ्कनकर्ताको सूचीमा सूचीकृत हुनु पर्नेछ ।

♦